म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १९१ बुधबार, १३ फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 25 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

# निर्वाचन केन्द्रित जनशक्ति व्यवस्थापन अन्तिम चरणमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मकवानपुरको निर्वाचन क्षेत्र नं १ र २ का मतदान केन्द्रमा खटिने कर्मचारीलाई तालिम दिन थालिएको छ । मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई निर्वाचन प्रक्रिया सञ्चालन गर्ने सम्बन्धी प्रशिक्षण दिन थालिएको हो ।




तालिममा जिल्लाका तीन सय ७४ मतदान केन्द्रका मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई निर्वाचन प्रक्रिया सञ्चालन गर्नेलगायत विषयमा तालिम दिइरहेको निर्वाचन अधिकृत कार्यालयका प्रमुख निर्वाचन अधिकृत गीता श्रेष्ठले जानकारी दिइन् । उनका अनुसार ती सबै मतदान केन्द्रमा खटिएका मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायकस्तरका कर्मचारीलाई नियुक्तिपत्र हस्तान्तरण गरिनेछ । अतिदुर्गम भेगका मतदान केन्द्रमा फागुन १७ गते नै मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीलाई निर्वाचन सामग्री, मतपत्र, मतपेटीका, सुरक्षा टोलीसहित पठाइने प्रमुख निर्वाचन अधिकृत श्रेष्ठले बताइन् ।

तीन दिनसम्म चल्ने तालिममा मतदानको दिनमा गर्नुपर्ने सम्पूर्ण कार्यसम्बन्धी जानकारी प्रदान गरिनेछ । मतदान प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र त्रुटिरहित बनाउन प्रयोगात्मक अभ्याससहित तालिम सञ्चालन गरिने मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले जानकारी दिएका छन् । प्रजिअ अधिकारीका अनुसार मतदान केन्द्रमा खटिने कर्मचारीलाई वास्तविक मतदान प्रक्रियाको अभ्यास गराई जिम्मेवारी निर्वाहमा सक्षम बनाउने उद्देश्यले तालिम सञ्चालन गरिएको हो । निर्वाचनको तयारी अन्तर्गत फागुन १८ गतेसम्म जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारी पुगिसक्नुपर्ने व्यवस्था गरिएको छ । सोही अनुसार व्यवस्थापन कार्य अगाडि बढाइएको छ ।

यसैबीच निर्वाचनको अनुगमनका लागि प्रजिअ अधिकारीले ४ जना अनुगमन अधिकृत नियुक्त गरेका छन् । उनीहरुले निर्वाचन तयारी, कर्मचारी व्यवस्थापन तथा मतदान केन्द्रको अवस्थाबारे निरन्तर निगरानी गर्नेछन् । मकवानपुरका ८ वटा मतदान केन्द्रका लागि मतपेटिका भने अन्य जिल्लाबाट ल्याउनुपर्ने बाध्यता रहेको छ । जिल्लाको पूर्वी क्षेत्र बकैया गाउँपालिकाको धियालस्थित ३ वटा मतदान केन्द्रका मतपेटिका रौतहट र बाराबाट ल्याउनुपर्ने अवस्था रहेको छ । राक्सिराङ गाउँपालिकाको काँकडा क्षेत्रका ५ वटा मतदान केन्द्रका मतपेटिका चितवनको भण्डाराबाट ल्याउनुपर्ने व्यवस्था गरिएको छ ।

यस सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय भइरहेको प्रजिअ अधिकारीले बताए । जिल्ला प्रशासन कार्यालयका अनुसार पूर्णसुरक्षा व्यवस्थासहित मकवानपुरमा निर्वाचन सम्पन्न गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचनलाई शान्तिपूर्ण र व्यवस्थित बनाउन आवश्यक सम्पूर्ण प्रशासनिक तथा सुरक्षासंयन्त्र परिचालन गरिने जनाइएको छ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा तीन हजारभन्दा बढी कर्मचारी खटिने भएका छन् ।

दुईवटा निर्वाचन क्षेत्र रहेको यस जिल्लाको ३७४ मतदान केन्द्रमा स्वयंसेवकसहित तीन हजार ३६६ कर्मचारी निर्वाचन अवधिमा खटिने भएका हुन् ।

बागमती प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले एउटा मतदान केन्द्रमा आयोगबाट छ जना कर्मचारी र मतदान केन्द्र रहेको स्थलमा तीनजना स्वयंसेवक नियुक्त गरिने जानकारी दिए ।

निर्वाचन केन्द्रित जनशक्ति व्यवस्थापनकार्य अन्तिमचरणमा पुगेको भन्दै उनले निर्वाचन कार्यालयबाट दुई हजार २४४ जना र मतदान केन्द्रमै नियुक्त हुने स्वयम्सेवक एक हजार १२२ जना कर्मचारी मतदानअवधिभर परिचालन हुने बताए । उनका अनुसार यसबाहेक निर्वाचनमा निर्वाचनस्थलको संवेदनशीलता र आवश्यकताका आधारमा निर्वाचन प्रहरी परिचालन हुने छन् ।

४० वटा वडा रहेको मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा ६२ वटा मतदानस्थल र १७८ वटा मतदान केन्द्र रहेका छन् । ६२ वटा वडा रहेको क्षेत्र नम्बर २ मा १०५ वटा मतदानस्थल र १९६ वटा मतदान केन्द्र छन् । यी मतदान केन्द्र बाहेक जिल्लाको पूर्वसदरमुकामस्थित भीमफेदी कारागारमा र कर्मचारीका लागि हेटौंडामा अस्थायी मतदान केन्द्र रहने भएको छ । कतिवटा मतदान केन्द्र रहने भन्ने निर्णय प्रक्रियामा रहेको प्रदेश निर्वाचन अधिकारी ढकालले बताए । मकवानपुरमा कुल मतदाता तीन लाख १५ हजार ३३४ कायम भएको छ ।

निर्वाचन क्षेत्र नम्बर १ मा पुरुष ७९ हजार ६२१, महिला ७८ हजार ८१० र अन्य चार गरी एक लाख ५८ हजार ४३५ र क्षेत्र नम्बर २ मा ८२ हजार ३३२ पुरुष, ७४ हजार ५६६ महिला र एक अन्य गरी एक लाख ५६ हजार ८९९ मतदाता छन् । उनले निर्वाचनका लागि मसी, मतपेटिका लगायतका ५२ प्रकारका सामग्री पर्ने भन्दै केही सामग्री कार्यालयमा रहेको र कतिपय सामान आयोगबाट आउने क्रममा रहेको बताएका छन् । दुवै क्षेत्रमा गरी विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी ४४ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । जिल्लामा तीन लाख १५ हजार ३३५ मतदाता रहेका छन् ।

# निर्वाचन लक्षित तीनदिन सार्वजनिक बिदा दिइने



साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ सरकारले यही फागुन २०, २१ र २२ गते सार्वजनिक बिदा दिने भएको छ । मंगलवार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा बसेको मन्त्रीपरिषद् बैठकले फागुन २१ गते हुने निर्वाचनका लागि ३ दिन सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सार्वजनिक विदा दिने निर्णय गरिएको सरकारका प्रवक्ता समेत रहेका गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए । निर्वाचनका लागि चीन सरकारबाट अनुदान सहायताको रुपमा लिन लागेको ४ मिलियन अमेरिकी डलर करिव ५४ करोड नेपाली रुपैंयाँ स्वीकार गर्ने निर्णय पनि गरिएको छ । सरकारले जेनजी परिषद् गठन गर्ने भएको छ । जेनजी आन्दोलनको बलमा गठन भएको वर्तमान सरकारमाथि उनीहरुको माग सम्बोधनका लागि ठोस निर्णय लिन नसकेको भन्दै आलोचना हुँदै आएको छ ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश डा. दिवाकर भट्टलाई काठमाडौं जिल्ला अदालतको काम समेत हेर्ने गरी उपभोक्ता अदालत काठमाडौंको अध्यक्ष तोक्ने, बीमा ऐन २०७९ को दफा १४० बमोजिमको कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न जिल्ला अदालतलाई तोक्ने निर्णय पनि सरकारले गरेको छ । बुढीगण्डकी जलासाययुक्त जलविद्युत आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गरिएको छ ।

मन्त्रीपरिषद् बैठकले चालु आर्थिक वर्षको विनियोजित बजेट तथा कार्यक्रममा उल्लेख भएबमोजिम यो आयोजनाको वित्तीय लगानीको ढाँचा स्वीकृत गरेको पनि मन्त्री अर्यालले जानकारी दिए । सरकारले आगामी वर्षभर हुने सार्वजनिक विदा निर्धारण गर्ने निर्णय पनि गरेको छ ।

# मतदान हुनुभन्दा ७२ घण्टाअघि सीमानाका सिल गर्ने निर्णय



साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन भन्दा अघि सीमानाका सिल गर्ने निर्णय गरिएको छ । मंगलबार निर्वाचन आयोगमा बसेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले नेपाल-भारत र नेपाल-चिनतर्फको सीमाना मतदान हुनुभन्दा ७२ घण्टाअघि सिल गर्ने निर्णय गरेको हो ।

सीमानामा ७२ घण्टा अघि आवागमन बन्द गर्ने निर्णय गरिएको हो । उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउत, नेपाल प्रहरीका आईजीपी दानबहादुर कार्की, सशस्त्र प्रहरीका आईजी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख र नेपाली सेनाका प्रतिनिधि सहभागी थिए । मतदानअघि मादकपदार्थ बेचबिखनमा रोक लगाउनेबारे पनि छलफल भएको छ ।

बैठकमा फागुन १९ मा परेको तराईको होलीपर्व र जनकपुरमा हुने माध्यमिकी परिक्रमा मेलाबारे पनि छलफल भएको छ । भारतको सीतामढीबाट हिंडेर २० औं हजार मानिस जनकपुरको जानकी मन्दिरमा आउने र फागुन १८ गते फिर्ता हुँदैछन् । यो परम्परा र होलीलाई कसरी व्यवस्थापन गर्ने भन्नेबारे छलफल भएको छ ।

भारतीय नम्बर प्लेटका सवारी साधनलाई रोक लगाउनेबारे पनि छलफल भएको छ । तर, मतदान हुनुभन्दा कति दिनअघिदेखि विदेशी नम्बर प्लेटको सवारी चल्न नदिने भन्नेबारे निर्णय गर्ने अधिकार आयोगलाई दिइएको छ । हिमाली जिल्लमा हिंउ परिरहेको र त्यसबाट निर्वाचनमा खटिने सुरक्षाकर्मी तथा कर्मचारीलाई लेक लाग्ने चुनौतीबारे छलफल भएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# मत बदर घटाउने प्रयास: लोकतन्त्रको गुणस्तर सुधार्ने अवसर

निर्वाचन केवल मत हाल्ने प्रक्रिया होइन, नागरिक अधिकारको प्रयोग र लोकतान्त्रिक संस्कारको अभ्यास हो । तर मतपत्रमा सामान्य त्रुटिका कारण मत बदर हुनु लोकतन्त्रको गुणस्तरमाथि प्रश्न उठाउने विषय हो । यसै सन्दर्भमा मकवानपुरमा ११५ जना मतदाताशिक्षा स्वयंसेवक परिचालन गरिएको कदम सकारात्मक र दूरदर्शी पहल हो । मत बदरको दर घटाउने लक्ष्य राखेर घरदैलो अभियान सञ्चालन गर्नु निर्वाचन व्यवस्थापनप्रति जिम्मेवार सोचको परिचायक हो । जिल्लाका १०५ वडामा एक-एक जना स्वयंसेवक र प्रत्येक पालिकामा एक-एक जना अनुगमनकर्ता खटाइनुले अभियानलाई व्यवस्थित बनाएको छ । स्वयंसेवकहरूले निर्वाचन प्रक्रिया, मतदान विधि, स्वस्तिक छाप लगाउने तरिका र मतपत्रलाई सही रूपमा मोडेर मतपेटिकामा खसाल्ने विधिबारे जानकारी दिइरहेका छन् । यस्ता व्यावहारिक जानकारीले विशेषगरी पहिलोपटक मतदान गर्ने, अशिक्षित वा वृद्ध मतदातालाई ठूलो सहयोग पुग्नेछ । मतदाता सचेत नभएसम्म मतदान केन्द्रमा गरिएको सबै तयारी अधुरो रहन्छ ।

मकवानपुरमा यसपटक ३७४ मतदान केन्द्र कायम गरिएको छ र तीन लाखभन्दा बढी मतदाता मतदानमा सहभागी हुनेछन् । यस्तो ठूलो संख्यामा मतदाता हुँदा सानो प्रतिशत मत बदर भए पनि त्यसले प्रतिनिधित्वको गुणस्तरमा असर पार्छ । मत बदर हुनु भनेको नागरिकको आवाज गुम्नु हो । त्यसैले मतदाताशिक्षा कार्यक्रमलाई औपचारिकता भन्दा पनि लोकतान्त्रिक चेतनाको अभियानका रूपमा लिनुपर्छ । निर्वाचन कार्यालयले कर्मचारी प्रशिक्षण, मतपेटिका तयारी र सुरक्षा संवेदनशीलताको वर्गीकरणजस्ता प्राविधिक तयारी पनि पूरा गरेको छ । १९ मतदानस्थललाई अतिसंवेदनशील सूचीमा राखी सुरक्षा रणनीति बनाइनुले निर्वाचन शान्तिपूर्ण बनाउन आवश्यक सावधानी अपनाइएको देखिन्छ । तर प्राविधिक तयारी जति सुदृढ भए पनि मतदाता सचेत नभए निर्वाचनको उद्देश्य पूर्ण हुँदैन ।

यद्यपि, मतदाताशिक्षा निर्वाचनअघि केही दिन सञ्चालन हुने सीमित कार्यक्रममै सीमित हुनु हुँदैन । लोकतन्त्र सुदृढ गर्न विद्यालय शिक्षा, सामुदायिक कार्यक्रम र स्थानीय तहका नियमित गतिविधिमा नागरिक शिक्षा समावेश गरिनुपर्छ । मतदान प्रक्रिया बुझ्नु मात्र पर्याप्त छैनह मतको मूल्य, जिम्मेवारी र नैतिक पक्षबारे पनि निरन्तर शिक्षा आवश्यक छ । मतदाताशिक्षा अभियान सफल हुन स्वयंसेवकहरूको सक्रियता, स्थानीय तहको सहयोग र मतदाताको सहभागिता अनिवार्य छ । यदि यो प्रयास प्रभावकारी रूपमा कार्यान्वयन भयो भने मत बदर दर घट्नुका साथै लोकतान्त्रिक प्रक्रियाप्रतिको विश्वास पनि बलियो बन्नेछ । अन्ततः, लोकतन्त्रको शक्ति मतदाताको सजगतामा निहित हुन्छ । मकवानपुरमा सुरु भएको यो पहल केवल प्राविधिक सुधार होइन–यो लोकतन्त्रको गुणस्तर उकास्ने अवसर हो । यसलाई दीर्घकालीन रणनीतिमा रूपान्तरण गर्न सकिए मात्र मतदाताको प्रत्येक मतले वास्तविक अर्थ पाउनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन १४ गते बिहीबार २६ फेब्रुअरी २०२६ । दशमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३४ सूर्यास्त ६:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोरञ्जन प्राप्त हुनेछ | तुला | : मनमा निरासा उत्पन्न हुनेछ |
| वृष | : व्यापारबाट लाभ मिल्नेछ | वृश्चिक | : समयले साथ दिनेछ |
| मिथुन | : स्वास्थ्योपचारमा खर्च हुनेछ | धनु | : रमाइलोमा दिन बित्नेछ |
| कर्कट | : मानसिक असन्तुष्टि बढ्नेछ | मकर | : जोश जागर आउनेछ |
| सिंह | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | कुम्भ | : समयले साथ दिनेछ |
| कन्या | : काम अपुरै रहने देखिन्छ | मीन | : राम्रो समाचार सुन्न पाइनेछ |

# बुढ्यौली र चुनावी घोषणापत्रको सवाल



✍अच्युतप्रसाद पौडेल "चिन्तन"

चुनावअघि राम्रा सपनाहरु बोकेर मत माग्न नेताजीहरु घरदैलोमा आइरहेका छन् । नवपुस्ताले गरेको चाहना अनुरुप जेनजी विद्रोहपछि पछिल्लो जनमत बुझ्ने प्रयोजनका लागि यही फागुन २१ मा आम निर्वाचन हुँदै छ । दल वा उम्मेदवारहरुले तय गरेका घोषणापत्रहरु पनि सार्वजनिक भइरहेका छन् । दल वा उम्मेदवारले तय गरेका यसअघिका चुनावी घोषणाहरु भने धेरै पूरा हुन बाँकी नै छन् ।

निर्वाचनमा उठेका उम्मेदवारहरुले विकास निर्माण र पूर्वाधारका धेरै कुरा गर्छन् तर मानवीय संवेदनाको प्रमुख विषय- बुढ्यौलीपनमा स्याहार एवं संरक्षणको विषय प्राय: ओझेलमा पर्ने गरेको छ । ज्येष्ठ नागरिक हकहितका कुरा धेरै छन्, संविधान छ, अन्तर्राष्ट्रिय मान्यताहरु पनि छन् तर जे छन् ओझेलमा छन् । यस विषयमा यहाँ चर्चा गर्ने जमर्को गरिएको छ । चुनावको मुखैमा स्वास्थ्य बिमा बोर्डले नकाम गरेको छ । १० वर्षदेखि स्वास्थ्य बिमाको हल्ला भयो, अहिले व्यापकता पाएको बेला ओपीडी सेवा २५ हजारमा सीमित गरेको छ, जसमा सह शुल्कदेखि रेफर केसहरुले सबै उमेर समूहलाई नितान्त पीडा भएको र वृद्धहरुलाई थप मार परेको छ । वृद्धहरु सहज जीवन बिताउन चाहन्छन्, हाम्रो बाटोघाटो वृद्ध अनुकूलको छैन । पैदल मार्गमा फटाफट हिँड्न सकिन्न, र मापदण्डअनुसारको पैदल बाटो छैन । अशक्त, अपांगमैत्री बाटोहरु, यातायात, शौचालयहरु छैनन् । राज्यले पूर्वाधारमा व्यापक लगानी गरिरहेको भनिरहँदा सार्वजनिक शौचालय, तत्काल ह्वील चेयर पाउने अवस्था छैन ।

अझ भनौं, महिला सिट भन्दै किशोरीहरु सिटमा बसेका हुन्छन्, एक असहाय वृद्धको सिट प्याक हुन्छ, अरु यात्रुले नछोड्ने अवस्था देखिएको छ । असुरक्षित सार्वजनिक पेटी, सडक, सुरक्षाको व्यापक चुनौती, खाल्डैखाल्डा र हिलो, धुवाँ, धूलोको सडकमा ज्येष्ठ नागरिकहरुले आफूलाई असुरक्षित महसुस गरिरहेका छन् । विश्व स्वास्थ्य संगठनले नयाँ अवधारणाहरु ल्याएको छ तर हाम्रो जस्तो सबै नागरिकमैत्री पूर्वाधार नभएको सन्दर्भमा उसको नीति लागू हुन सकेको छैन । भारतको कोच्ची शहर बुढ्यौलीमैत्री छ, ६५ वर्षमाथिका लागि विशेष सक्रिय राख्ने कार्यहरु हुन्छन् । जापानको अकितामा बुढ्यौली परि योजना नै सञ्चालित छ । दक्षिण कोरियाले यातायात सहज बनाएको छ, सार्वजनिक स्थलहरु त्यस्तै प्लेटफर्महरुमा सहजै ह्वील चेयरहरु उपलब्ध हुन्छन् । वृद्धहरुका लागि भुटान पनि सुविधामा धेरै माथि छ, समुदायको व्यापक सहभागिता र सक्रियतामा ज्येष्ठ नागरिकहरुले आफू सुरक्षित महसुस गर्छन् ।

वृद्धहरु बोझ होइनन् वृद्धविना शायद नवपुस्ताको उदय नै सम्भव थिएन । नयाँभन्दा पुरानाहरुमा निश्चय नै अनुभव बढी हुन्छ, सीप, परिश्रम, खारिएको ज्ञान सबै बढी हुन्छ । पुस्तान्तरणविना नयाँ एक्लै टिक्न सक्दैन, सक्यो भने क्षणिक हुन्छ । अस्ताउन लागेको घाम भन्दै पुरानालाई बेवास्ता गर्ने हाम्रो संस्कृति, धर्म, आचरण, व्यवहार पनि होइन । सन्ततिले अवहेलना गरे पनि मुद्दा लानेसम्मको परिवेश त पछिल्लो समयमा शुरु भएको छ, तर घर-परिवारमा मुद्दामामिलाको विषय आउनु राम्रो होइन ।

निश्चय नै सीप हस्तान्तरण जरुरी छ । आज हाम्रा पुर्खाले गरेको कृषि, व्यवसाय, घरेलु कुटिर उद्योग, लघु, साना परम्परागत स्थानीय कच्चा पदार्थ प्रयोग भई जीवनयापन हुन सक्ने सानातिना कुराहरु ओझेल पर्दै गएका छन् । भक्तपुरको तरकारी, त्यहाँको विशेष दही, ठिमीको सागपात, भक्तपुरकै सेरामिक उद्योग, पाटनको कलाकारिता, काष्ठकला, मूर्तिकला, धातुकलाका विषयहरु ओझेल पर्नु भनेको आत्मनिर्भरतामा गम्भीर असर हो । कुमालेहरुले माटाका भाँडा बनाएर स्थानीय ट्रेडमार्कमा आउने धेरै वस्तुहरु लोप भएको देखिएको छ । बाजा बजाउने, कपडा सिलाउने मात्रै होइन, खाना, लवाइ जे-जति थिए हाम्रा पुर्खाका ती सबै लोप हुने अवस्थामा छन् । पानीघट्ट हेर्न नपाइने, ढिकी, जाँतो, गोठ, गब्रेटो, आली, कान्ला, गोबर, गहुँत नजान्ने हाम्रा नयाँ पुस्ता भइसकेका छन् ।

हाम्रा केही नगरपालिकाहरुले बुढ्यौली समाज उत्थानका लागि केही कर्म गरेका छन् तर पर्याप्त छैन । मठ-मन्दिर घुमाउने क्रम चुनाव र बजेट कटौती भन्दै ओझेल परेको छ, जसबाट वृद्धहरु निरास हुने अवस्था छ । वृद्धहरुको घरदैलो सेवा भनी काठमाडौं महानगरले केही प्रचार ात्मक अभियान लिएको छ, तर सबै गएर स्रोतमै अड्किन्छ । सामान्य बिमा त्यसमा बिमितहरुले तिरिसकेको शुल्कमा त सुविधा कटौती गरिएको सन्दर्भमा यो अभियानले सार्थकता पाउला, यो आशा गर्ने ठाउँ कमै होला, किनकि हामीसँग दक्ष जनशक्ति नै पर्याप्त छैन, औजारहरु छैनन्, प्रयोगशालहरुको पर्याप्त सुविधा नै छैन, अस्पताल पुग्दा त लाइन धेरै समय बसेर निरास भई फर्कनुपरेको बेला घरमा आएर कसैले सेवा देला ? यो प्रचार मात्रैको विषयजस्तो लाग्छ । आवासहरु त्यस्तै छन् ।

बूढाबूढीहरु एकातिर थन्किने, नयाँ पुस्ताले हेर्न नभ्याउने, भ्याए पनि झन्झट मान्ने, सकेसम्म वृद्धाश्रम धकेल्ने, औषधि उपचार नै बोझिलो मान्ने, रकम कलम पनि नहुने, भए पनि पर्याप्त नहुने, आवश्यकता एकातिर अनि आपूर्ति अर्कैतिर भइरहेको अवस्था छ । वृद्धहरुलाई प्रविधिमैत्री वातावरण भए एक्लै पनि केही समयको गुजारा सम्भावित हुने हुन्थ्यो तर त्यो पनि नहुने, एक किसिमले घर वा कोठा नै कारावासजस्तो अवस्था पनि देखिएको छ । पाश्चात्य समाज धेरै अघि गइसकेको छ र पनि सेवा सामाजिक उत्तरदायित्वबाट पन्छिएको अवस्था छैन । तर हाम्रो समाज यसबाट केही विमुख भइरहेको महसुस हुन लागेको छ । निश्चय नै वृद्धहरु पूजापाठ, भक्तिगाथा, प्रहसन, भजन-कीर्तनमा बढी तल्लीन हुन चाहन्छन् भने आफूले पाएको ज्ञानको वितरणको परिवेश पनि चाहन्छन् ।

पहिलेका पुस्ताले राम्रो, मीठो, नैतिक, निष्ठाको सन्देश दिने खालका कथा, पौराणिक चर्चा-चिन्तन प्रस्तुत गरेर बालबालिकालाई नैतिकवान्, चरित्रवान्, इमानदार बनाउन प्रयत्न गर्थे । अब त्यो परिवेश पनि रहेन । उम्रदै तीनपाते भनेजस्तो अब बच्चालाई सानै उमेरमा लिटो खुवाउँदा पनि मोबाइल दिनुपर्ने अवस्था रहेको छ । धर्म, नीति, आचरणका विषयमा बालबालिकालाई सानै उमेरमा सिकाउनुपर्ने हुन्छ, जसलाई संस्कारगत व्रतमा बाँधिने व्रतबन्ध पनि अब आफूखुशी जथाभावी तवर बाट हुन लागेको छ, जनै वा मन्त्रसिद्धि करिब हराइसकेको छ ।

वृद्धमैत्री कोठा, भऱ्याङ, शौचालय, भनेको स्थानमा भेटिने गरी पानी, औषधिमूलो, सन्तानको अभावमा हल्का तयारी खाना, संगीतको वातावरण अरु नभए पनि रेडियो, उपकरण, भान्छासम्म सहज पहुँच, झर्कोफर्कोविना सन्तान-आफन्तबाट खाना, अन्य सेवा दिसा-पिसाब, फोहोरमैला कपडाको व्यवस्थापन, रातमा मीठो निद्रा हुने गरी रुमको परिवेश, कतै बाहिर जाँदा आफन्तको सहारा, लौरो वा एयरफोन वा चश्मा आदि व्यक्तिगत आवश्यक सबै किसिमका उपकरण आदिको प्रबन्ध जरुरी छ ।

मीठो बोलीले आयु बढाउँछ, मीठो मुस्कानले शरीरमा नयाँ ऊर्जा थप्छ, मायालु वातावरण र अतितका अनुभव साटासाटबाट धेरै राम्रो हुन्छ र त स्वस्थानीको कथा, महाभारत, रामायणका गाथा, कृष्णचरित्रहरु, कथा, कविता, प्रहसन, साहित्यिक परिवेश बुढ्यौलीलाई झन् बढी आवश्यक छ । यसले जीवनलाई जीवन्त बनाउँछ । वृद्धावस्थामा पति साथमा नहुने, पत्नी साथमा नहुने, पुत्रपुत्री साथमा नहुने अवस्थामा दिन नै कल्पसमान हुने हुँदा जेमा मन भुल्न सक्छ त्यो मनोविज्ञान बुझेर सन्तति वा अरुले आवश्ययक ध्यान दिन सक्नुपर्छ ।

स्थानीय सरकारले वृद्धमैत्री परि योजनाहरु ल्याउनुपर्छ । तिनको अभिलेख, तिनको उपचारको वातावरण, ह्वील चेयर, लौरो, एम्बुलेन्स, नजिक स्वास्थ्य उपकरण-औषधि र कोही आफन्त नभए ती सबैको अभिभावकत्त्व स्थानीय वडा, सरकार प्रतिनिधि, सामाजिक अभियन्ता, अगुवाले गरिदिनुपर्छ । बदलामा के पाइन्छ भन्ने प्रश्न होइन । र त हाम्रो समाज धार्मिक भनियो, असहायको सहाय भनेको ईश्वर भनियो र अशक्त, असहायको सेवा नै, उपकार नै ठूलो धर्म हो भनियो । धर्ममा आश्रित हाम्रो समाज अचेल मौद्रिक भ्यालुतिर गइरहेको देखिन्छ, मुद्रा मात्रै सबै थरी नभएर माया पनि सम्पत्ति नै हो, बाँच्ने कला हो, जिउने कला हो ।

बुढ्यौलीमा डिजिटल साक्षरता आजको आवश्यता हो । नजिकै पुस्तकालय होस्, स्वर-संगीतका उपकरण हुन्, अनुभव साट्ने पर्याप्त वातावरण होस् । सीप हस्तान्तरण होस्, सूचना पहुँचको वातावरण होस्, जसबाट आफू एक्लोपनको महसुस हुनुपर्दैन । योग, ध्यान गर्ने वातावरण होस्, सिक्ने-सिकाउने शिक्षक प्रशिक्षकहरु हुन्, अरु केही गर्न नसके पनि शरीर चलायमान राख्ने, हातखुट्टाहरु चलायमान गर्ने औंला, पैतालाका अकुप्रेसर, समयमा ओखती खाए/नखाएको खबर, सूचना सम्झाउने परि वेश, दीर्घ रोगीहरुको हेरचाहको परिवेश सबै वातावरण अनुकूल हुन सकोस् ।

तब न मृत्युपूर्व नै स्वर्गको अनुभव अनुभूति हुन्छ । मरेर, डढेर स्वर्गको चाहना वा मरेपछिको क्षण आँसु वा तिनका नाममा गरिने अनेकानेक कर्म केवल देखावटी मात्रै हुन जान्छन्, परिवारले पर्याप्त स्वर्गीय वातावरण अहिले नै तय गरिदिनुपर्छ । किनकि अहिले तय गरिदिने त्यो परिवेशको परिवार भोलि उही अवस्थामा पुग्ने हो, ढिलो-चाँडो । यो केवल सामाजिक उत्तरदायित्व मात्रै नभएर श्रद्धाको बीजारोपण पनि हो ।

आफूले जे गरेको छ, भविष्यमा सन्ततिले त्यही गर्छन् । केवल सम्पत्तिको लुछाचुँडीमा मात्र लाग्नुहुन्न, सम्पत्ति कसैको सँगै जाँदैन । अग्रजले बिहेवारी कमसेकम सकिदिएको छ र सन्तानलाई ऋणको बोझ पारेको छैन भने त्यो गतिलो पुर्खा वा अभिभावक भन्नुपर्ने हुन्छ । अहिलेको चुनावी माहोलमा दल वा उम्मेदवारले आफ्ना घोषणापत्र वा प्रतिबद्धतापत्रमा यी सबै कुरालाई समावेश गर्नु हपरिहार्य हो तर एकाधबाहेक बुढ्यौलीका हरेक कुरालाई समेट्न सकेको देखिँदैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# सार्वजनिक शिक्षा सङ्कटमा : बढ्दो बजेट, घट्दो भरोसा

✍चिन्तामणि रिजाल

**शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अर्को गम्भीर समस्या हो । शिक्षक नियुक्ति, सरुवा र बढुवामा योग्यता र कार्यसम्पादनभन्दा पहुँच हावी हुँदा शिक्षण पेसाको गरिमा कमजोर भएको छ ।**

चालू आर्थिक वर्ष २०८२/८३ मा १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको कुल राष्ट्रिय बजेटमध्ये शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा २ खर्ब ११ अर्ब १६ करोड ६९ लाख रुपैयाँ विनियोजन गरिएको छ, जुन कुल बजेटको १०.७५ प्रतिशत हो । अङ्कका हिसाबले यो र कम ठूलो देखिन्छ । तर मूल प्रश्न के हो भने यस बजेटले सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र सामाजिक भरोसामा कस्तो प्रभाव पारेको छ ? विडम्बना के छ भने शिक्षा बजेट बर्सेनि बढ्दै गएको छ, तर सार्वजनिक विद्यालयप्रतिको भरोसा निरन्तर खस्कँदै गएको छ । यही विरोधाभास आज नेपालको सार्वजनिक शिक्षा बहसको मूल केन्द्र बनेको छ ।

विद्यालय शिक्षामा खर्च हुने बजेटको ठूलो हिस्सा स्थानीय तहबाट कार्यान्वयन हुने संरचनाअनुसार शिक्षा बजेटको ६८.९९ प्रतिशत स्थानीय तहमा, २.३३ प्रतिशत प्रदेश तहमा र बाँकी २८.६८ प्रतिशत सैंघ तहमा विनियोजन गरिएको छ । सैंघताको मर्मअनुसार यो संरचना सिद्धान्तमा उचित देखिए पनि व्यवहार मा अपेक्षाअनुरूप प्रभाव परेको छैन । स्थानीय तहमा हस्तान्तरण भएको रकमको अवस्था हेर्दा शिक्षा क्षेत्रको वास्तविक चुनौती प्रस्ट हुन्छ । स्थानीय तहका लागि विनियोजन गरिएको जम्मा एक खर्ब ४५ अर्ब ६७ करोड ८८ लाख रुपैयाँमध्ये एक खर्ब १४ अर्ब ६६ करोड १० लाख ७४ हजार रुपैयाँ शिक्षक तथा कर्मचारीको तलब-भत्तामा खर्च हुन्छ, जुन स्थानीय तहको कुल शिक्षा बजेटको ७८.७१ प्रतिशत हो ।

यसमा दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, सञ्चालन खर्च, नि:शुल्क स्यानिटरी प्याड र द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रमजस्ता अनिवार्य दायित्व थपिँदा स्थानीय तहको झन्डै ९२ प्रतिशत बजेट बाध्यात्मक खर्चमै सीमित हुन्छ । परिणामत: भौतिक पूर्वाधार सुधार, सिकाइ प्रविधि विस्तार, शिक्षक पेसागत विकास र गुणस्तर सुधारका लागि प्रयोग गर्न सकिने बजेट केवल ८ प्रतिशत बाँकी रहन्छ । यस्तो संरचनाले सार्वजनिक शिक्षामा गुणात्मक सुधारको अपेक्षा कठिन बनाउँछ ।

नेपालको सार्वजनिक शिक्षा प्रणाली केवल विद्यालय र पाठ्यपुस्तकको विषय होइन । यो राज्यको प्रतिबद्धता, सामाजिक न्याय र भविष्य निर्माणसँग गाँसिएको आधारभूत प्रश्न हो । संविधानले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ र 'सबैका लागि गुणस्तरीय शिक्षा' सरकारी नीतिको स्थायी नारा बनेको छ । तर यिनै घोषणाबीच सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास कमजोर हुँदै गएको यथार्थ लुकाउन सकिँदैन । विद्यार्थी संख्या घट्दै गएको छ, कतिपय विद्यालय अस्तित्वकै सैर्षमा छन् र निजी विद्यालयको तीव्र विस्तारले सार्वजनिक शिक्षाको सामाजिक छविलाई कमजोर बनाएको छ । यसले शिक्षा प्रणालीलाई वर्गीय रूपमा विभाजित गर्दै सामाजिक असमानता बढाउने खतरा सिर्जना गरेको छ ।

यसको अर्थ सार्वजनिक शिक्षामा उपलब्धि छैन भन्ने होइन । पछिल्ला दशकमा विद्यालय पहुँच उल्लेखनीय रूपमा विस्तार भएको छ । आधारभूत तहमा भर्ना दर बढेको छ र बालिका शिक्षामा सुधार सकारात्मक सङ्केत हो । दलित, जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि लक्षित छात्रवृत्ति, नि:शुल्क पाठ्यपुस्तक वितरण, दिवा खाजा कार्यक्रम र दुर्गम क्षेत्रमा विद्यालय स्थापना जस्ता पहल राज्यका महत्त्वपूर्ण उपलब्धि हुन् । यी कार्यक्रमले विद्यालय भर्ना र निरन्तर तामा योगदान पुऱ्याएका छन् ।

तर पहुँच विस्तारले गुणस्तरको प्रश्नलाई ओझेलमा पारेको छ । अझै पनि ठूलो संख्यामा बालबालिका विद्यालयको पहुँचबाहिर छन् । कतै विद्यालयमा विद्यार्थी संख्या अत्यन्त न्यून छ भने कतै एकै कक्षामा अत्यधिक चाप छ । शिक्षक व्यवस्थापन असन्तुलित छ– कतै शिक्षक अभाव छ, कतै आवश्यकताभन्दा बढी शिक्षक कार्यरत छन् । दैनिक रूपमा विद्यालय सञ्चालनका लागि आवश्यक न्यूनतम खर्च पर्याप्त नपाउँदा धेरै सामुदायिक विद्यालय कठिन परिस्थितिमा छन् । भौतिक पूर्वाधार कमजोर छह प्रयोगशाला, पुस्तकालय, खेलमैदान र सूचना प्रविधिमा पहुँच सीमित छ । कक्षाकोठामा सिकाइ उपलब्धि अपेक्षित स्तरमा नपुग्नु सार्वजनिक शिक्षाको दीर्घकालीन समस्या बनेको छ ।

माध्यमिक तहका परीक्षाफलले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरप्रति उठेका प्रश्नलाई थप गहिरो बनाएको छ । यसै कारणले अभिभावक आफ्ना सन्तानलाई निजी विद्यालयतर्फ पठाउन बाध्य छन् । यसले शिक्षा प्रणालीमा आर्थिक हैसियतका आधारमा अवसर विभाजन गर्ने अवस्था सिर्जना गरेको छ, जुन सामाजिक न्यायको दृष्टिले गम्भीर चुनौती हो । सार्वजनिक शिक्षा कमजोर देखिनुका कारण बहुआयामिक छन् । शिक्षा नीति बारम्बार परिवर्तन हुन्छ, तर दीर्घकालीन दृष्टि र निर न्तरता देखिँदैन । सैंघ शासन प्रणालीपछि शिक्षा व्यवस्थापनको अधिकार बाँडिए पनि स्पष्ट कार्यविभाजन र प्रभावकारी समन्वयको अभाव छ । नीति निर्माण र कार्यान्वयनबीचको दूरीले विद्यालय प्रशासन, शिक्षक व्यवस्थापन र गुणस्तरमा नकारात्मक असर पारेको छ ।

शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अर्को गम्भीर समस्या हो । शिक्षक नियुक्ति, सरुवा र बढुवामा योग्यता र कार्यसम्पादन भन्दा पहुँच हावी हुँदा शिक्षण पेसाको गरिमा कमजोर भएको छ । शिक्षक तालिम कार्यक्रम धेरैजसो औपचारिकतामा सीमित छन्, जसको प्रभाव कक्षाकोठाको सिकाइमा देखिँदैन । शिक्षकलाई परिवर्तनको संवाहक होइन, केवल कर्मचारीका रूपमा हेर्ने प्रवृत्तिले सार्वजनिक शिक्षाको आधार कमजोर बनाएको छ । अझ गम्भीर पक्ष के हो भने शिक्षकहरूको मनोबल घट्दै गएको छ । बढुवा, सरुवा र तालिममा पारदर्शिता नभएकाले अनुभवी शिक्षकहरू पेसाबाट टाढा भएका छन् । कतिपय विद्यालयमा शिक्षक अभावका कारण एकै शिक्षकले दुई-तीन कक्षा पढाउने बाध्यता छ, जसले विद्यार्थीको सिकाइ गुणस्तरमा प्रत्यक्ष असर गर्छ ।

यसैबीच सार्वजनिक विद्यालयप्रतिको सामाजिक धारणा पनि खस्कँदै गएको छ । धेरै अभिभावक सार्वजनिक विद्यालयलाई अन्तिम विकल्पका रूपमा हेर्न थालेका छन् । नीति-निर्माता, उच्चपदस्थ अधिकारी र प्रभावशाली वर्गले आफ्ना सन्तान निजी विद्यालयमा पढाउने प्रवृत्तिले सार्वजनिक शिक्षाप्रति अविश्वासको सन्देश दिएको छ । राज्य स्वयं आफ्ना विद्यालयप्रति विश्वस्त नदेखिँदा समाजबाट भरोसा अपेक्षा गर्नु कठिन हुन्छ । यद्यपि सार्वजनिक शिक्षा सुधार असम्भव छैन । सीमित स्रोत र कठिन परिस्थितिका बाबजुद उत्कृष्ट नतिजा हासिल गरेका सामुदायिक विद्यालयहरू उदाहरणका रूपमा छन् । ती विद्यालयमा सक्षम नेतृत्व, उत्तरदायी शिक्षक, सक्रिय समुदाय र पारदर्शी व्यवस्थापन निर्णायक बनेका छन् । यसले इच्छाशक्ति र सुशासन भए सार्वजनिक शिक्षा सुधार सम्भव छ भन्ने प्रमाणित गर्छ ।

सार्वजनिक शिक्षाको सबैभन्दा ठूलो शक्ति यसको समावेशी चरित्र हो । गरिब, ग्रामीण, सीमान्तकृत र अवसरबाट वञ्चित समुदायका बालबालिकाको भविष्य सार्वजनिक शिक्षासँग गाँसिएको छ । त्यसैले सार्वजनिक शिक्षा सुधार गर्नु केवल शैक्षिक विषय होइनह यो सामाजिक न्याय, समान अवसर र राष्ट्रिय विकाससँग प्रत्यक्ष जोडिएको प्रश्न हो । अब आवश्यक छ शिक्षालाई खर्च होइन, दीर्घकालीन लगानीका रूपमा हेर्ने दृष्टि । बजेट वृद्धि मात्र पर्याप्त छैनह त्यसको पारदर्शी, प्रभावकारी र परिणाममुखी उपयोग सुनिश्चित गर्नुपर्छ । शिक्षक व्यवस्थापनमा राजनीतिक हस्तक्षेप अन्त्य गरी योग्यता र कार्यसम्पादनमा आधारित प्रणाली लागू गर्नुपर्छ । विद्यालयको सिकाइ उपलब्धि र स्थानीय तहको जिम्मेवारी मापन गर्ने स्पष्ट सूचक र कडा अनुगमन प्रणाली विकास गर्नु अपरिहार्य छ ।


सार्वजनिक शिक्षा सुधारका लागि अभिभावक, शिक्षक, स्थानीय तह र राज्य सबैको सक्रिय सहभागिता अपरिहार्य छ । शिक्षकले शिक्षणलाई केवल रोजगारी नभई पेसागत र सामाजिक दायित्वका रूपमा लिनुपर्छ । विद्यालय नेतृत्व र व्यवस्थापन समितिले विद्यालयलाई प्रशासनिक एकाइ मात्र होइन, सिकाइको केन्द्रका रूपमा विकास गर्नुपर्छ । अभिभावक र समुदायको सहयोगबिना सार्वजनिक शिक्षा सुदृढ हुन सक्दैन । अन्तत: सार्वजनिक शिक्षा नेपालको भविष्य निर्माणको आधार हो । यदि राज्य, शिक्षक, अभिभावक र समाजले आआफ्नो भूमिका इमानदारीका साथ निर्वाह गर्न सके, बढ्दो बजेटसँगै सार्वजनिक शिक्षाप्रतिको भरोसा पनि पुन: स्थापित हुनेछ । यही भरोसाले मात्र समतामूलक र सक्षम समाज निर्माणको बाटो खोल्नेछ ।

(साभार: रातोपाटी)

# निर्वाचन बिथोल्न १२ समूह सक्रिय, निगरानीमा राजावादीदेखि समाजवादीसम्म

काठमाडौं/'चुनाव बहिष्कार पनि एक प्रकारको सजिलो व्यवसाय जस्तो भएको छ । जनतामा जानु नपर्ने, संगठन बनाउनु नपर्ने, तर दुई-चार जना मिलेर बहिष्कारको हल्ला फिँजाउने र चन्दाका नाममा असुली गर्ने प्रवृत्ति देखिएको छ ।'

९ फागुनमा बुटवल पुगेर प्रधानमन्त्री सुशीला कार्कीले चुनाव बहिष्कार समूहमाथि गम्भीर आरोप लगाउँदै बहिष्कार गर्नेलाई चन्दासँग जोडिन् । संगठन नभएकाहरू आफ्नो पार्टीको अस्तित्व राख्न र यही मौकामा आर्थिक उपार्जन लाग्ने भएकाले चुनाव बहिष्कार एउटा अवसर जस्तो भएको संकेत उनले गरिन् ।




चुनाव बिथोल्न सक्ने समूहको निगरानी गर्दै सुरक्षा व्यवस्था मिलाउन प्रधानमन्त्री कार्कीले सुरक्षा निकायलाई निर्देशन दिइन् । प्रधानमन्त्री कार्कीले निर्देशन दिए जस्तै सुरक्षा निकायहरूले पनि चुनाव बिथोल्ने समूहहरूको निगरानी गरिरहेको बताएको छ । सुरक्षा स्रोतका अनुसार अहिले विभिन्न १२ वटा समूह चुनाव बहिष्कारमा लागेका छन् । १२ समूहबाट निर्वाचनमा सुरक्षा थ्रेट हुनसक्ने सुरक्षा निकायले विश्लेषण गरेका छन् । कम्युनिस्ट पार्टीदेखि राजावादी सम्मबाट सुरक्षा चुनौती हुनसक्ने प्रहरीको विश्लेषण छ ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं समूहदेखि अन्य राजावादी समूह र विभिन्न पार्टीहरुबाट चुनावी सुरक्षामा चुनौती हुनसक्ने बताइएको छ । अहिले प्रसाईं भने जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा छन् । प्रसाईंकै समूहको पीडीएफ (पब्लिक डिफेन्स फोर्स) र एटीएफ (एनी टाइम फोर्स)लाई पनि चुनाव बिथोल्न सक्ने समूहमा राखिएको छ ।

त्यस्तै पूर्वराजा ज्ञानेन्द्र शाहले चुनाव बिथोल्ने प्रकृतिको अभिव्यक्ति दिएपछि उनी निकट समूहलाई पनि प्रहरीले निगरानीमा राखेको छ । प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा भिडियो सन्देश जारी गर्दै ज्ञानेन्द्रले राष्ट्रिय सहमति र समझदारीमा जोड दिएका थिए । शाहले अहिलेको निर्वाचनले निकास नभई द्वन्द्व, अशान्ति र खिचातानी ल्याउन सक्नेसमेत दाबी गरेका थिए । त्यसपछि शाह निकट समूह शाही युवा शक्ति नेपाललाई निर्वाचन बिथोल्न सक्ने समूहमा राखिएको छ । यो समूहका पशुपति खड्कादेखि सन्तोष राजावादीसम्म सुरक्षा संयन्त्रको निगरानीमा छन् ।

त्यसैगरी, सीपी गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी, धर्मेन्द्र बाँस्तोला नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी बहुमत पनि चुनाव बिथोल्न सक्ने समूहमा छन् । सीपी गजुरेलले बिना कारण चुनाव गर्न लागिएकाले यसको औचित्य नै नभएको बताएका छन् । 'चुनाव हुन नियमित रूपमा समय पुगेको हुनुपर्‍यो । २ वर्ष बाँकी नै थियो । किन अघि नै चुनाव गर्ने निर्णय भयो । चुनावको माग कसले गरेको छ ? साम्राज्यवादीहरूलाई अहिले चुनाव चाहिएको छ । वैधानिकता हासिल गर्न एउटा कठपुतलीलाई ल्याएर चुनाव गर्न लागेका छन् । त्यसैले हामीले त्यसको बहिष्कार गर्नुपर्छ,' गजुरेलको तर्क छ ।

यता, ५ फागुनमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले चुनाव बहिष्कारमा लागेका नेकपा बहुमत पार्टीका महासचिव धर्मेन्द्र बाँस्तोलालाई पक्राउसमेत गरेको थियो । उनीसहित यो समूहका चार जना अहिले पनि हिरासतमा छन् । त्यसैगरी, विश्वभक्त दुलाल नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, महेन्द्र मल्लको नेकपा जनपक्ष, ऋषिराम कट्टेलको नेपाल कम्युनिस्ट पार्टी, समाजवादी कम्युनिस्ट पार्टी नेपालको एउटा समूह, पहिचानवादी समूह, मंगोल नेसनल अर्गनाइजेसन र रोहिंग्या अर्थात् शरणार्थीहरूलाई पनि निर्वाचनमा चुनौती हुनसक्ने समूहमा राखिएको छ ।

रोहिंग्यालाई भने कसैले निर्वाचन बिथोल्न प्रयोग गर्नसक्ने भएकाले निगरानीमा राखिएको एक सुरक्षा अधिकारी बताउँछन् । 'उनीहरूको पहिचान शरणार्थी बाहेक केही छैन । कसैले सहजै प्रयोग गर्नसक्ने उच्च जोखिम भएकाले रोहिंग्यामाथि पनि निगरानी आवश्यक छ,' ती सुरक्षा अधिकारी भन्छन् । पछिल्लो चार महिनादेखि प्रहरीले निर्वाचन बिथोल्न सक्ने समूह, तिनले पार्न सक्ने प्रभाव, उनीहरूको शक्ति, सांगठनिक हैसियत र सम्भावित सुरक्षा चुनौतीको मसिनो रूपमा विश्लेषण गरेको दाबी गर्दै आएको छ ।

अहिले नेपाल प्रहरीले कार्य विभागका एसएसपी दयानिधि ज्ञवालीको कमान्डमा निर्वाचन सुरक्षा विश्लेषण महाशाखा गठन गरेर काम गरिरहेको छ । यो महाशाखाले देशभरका प्रहरी चौकीदेखि इलाका, जिल्ला प्रहरी कार्यालयहरूदेखि प्रदेश प्रहरी कार्यालयहरूसम्मबाट रिपोर्टिङ लिएर सुरक्षा विश्लेषण गर्दै सोहीअनुसार रणनीति बनाएको छ । सुरक्षा चुनौतीको विश्लेषण गरेपछि देखिने सम्भावित सुरक्षा चुनौतीका बारेमा सम्बन्धित क्षेत्रका प्रहरी युनिटलाई जानकारी गराएर सोहीअनुसार सुरक्षा रणनीति बनाएर काम गर्न भनिएको छ ।

निर्वाचन बिथोल्ने समूहका सदस्यहरूलाई पक्राउ गरेर कानुनी दायरामा समेत ल्याइएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्ले बताउँछन् । प्रवक्ता काफ्लेका अनुसार निर्वाचन बिथोल्न खोजेको आरोपमा अहिले १६ जना हिरासतमा छन् । नियन्त्रणमा लिइएका २६ जनालाई भने छाडिएको छ ।

**२०७० देखि चुनाव बहिष्कार गर्ने समूह**

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा मात्रै नभएर यस अघिका निर्वाचनहरू पनि विभिन्न समूहहरूले बहिष्कार गर्दै आएका छन् । २०७० मै भएको दोस्रो संविधानसभा निर्वाचनमा मुख्यगरी क्रान्तिकारी नेकपा माओवादी (मोहन वैद्य समूह), नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, ऋषिराम कट्टेलको नेकपाले बहिष्कार गरेका थिए । २०७४ को प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा पनि यो समूह सक्रिय थियो । २०७६ मा भएको उपनिर्वाचनमा पनि उनीहरूले बहिष्कारलाई निरन्तरता दिए ।

२०७९ को निर्वाचनमा भने क्रान्तिकारी नेपाल कम्युनिस्ट पार्टी (सीपी गजुरेल समूह), नेकपा बहुमत (धर्मेन्द्र बाँस्तोला समूह), नेकपा (विप्लव समूह) नेकपा मसालले पनि चुनाव बहिष्कार गरे । २०८१ को उपनिर्वाचन पनि यही समूहले बहिष्कार गरेको थियो । यसरी निरन्तर बहिष्कार गर्दै आएकामध्ये विप्लवको पार्टी भने अहिले बहिष्कार छाडेर चुनावमा होमिएको छ । चुनाव बहिष्कार उनीहरूको विचार र अस्तित्वको कुरा जोडिए पनि यसले बिथोल्नै सक्ने हैसियत नराख्ने सुरक्षा निकायको बुझाइ छ ।

(स्रोत: अनलाइनखबर)

# कृष्णआदर्श इङलिस बोर्डिङ स्कुलको खेलकुद सप्ताह



साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ हेटौंडा उपमहानगरपालिका-९, स्थित कृष्णआर्दश इङलिस बोर्डिङ स्कुलको खेलकुद सप्ताह सम्पन्न भएको छ ।

प्राथमिक र माध्यमिक तहमा फागुन ८ गतेदेखि छुट्टाछुट्टै सञ्चालन गरिएको कार्यक्रम आज विजयी विद्यार्थीलाई मेडल, प्रमाणपत्र तथा शिल्ड वितरण गरेर समापन गरिएको हो । हेटौंडा औद्योगिक क्षेत्रस्थित खेलमैदानमा विभिन्न कक्षाका विद्यार्थीको आकर्षक मार्चपास ड्रिल प्रस्तुतबाट सुरु भएको कार्यक्रमको विभिन्न विधाका खेलकुदमा सहभागी भई प्रथम, द्वितीय र तृतीय भएका १६९ जना विद्यार्थीलाई मेडल, प्रमाणपत्र र शिल्ड प्रदान गरेर समापन गरिएको हो ।

खेलकुद सप्ताहमा एथ्लेटिक्स, दौड प्रतियोगिता, भलिबल, तेक्वाण्डो, चेस, डोरी तान्ने खेल समावेश थियो भने चित्रकला, कविता, निबन्ध, हस्तलेखन र प्राईमरी तहका विभिन्न प्रतियोगितात्मक खेलहरु संचालन भएको कार्यक्रमका संयोजक अविन रानामगरले जानकारी दिए । संयोजक रानाका अनुसार खेलकुद अवधिभर उत्कृष्ट प्रदर्शन गर्दै छात्रातर्फ प्रीति यादवले ४ वटा स्वर्णपदक जित्दै 'बेस्ट प्लेयर अफ द इयर' ट्रफी प्राप्त गरे भने, जयन आलेमगरले ३ वटा स्वर्णपदक जित्दै सोही उपाधि हात पारे । त्यसैगरी कक्षा ५ ले सबैभन्दा बढी मेडल जित्दै विद्यालयको रनिङ शिल्ड ट्रफी उचालेको उनले बताए ।

खेलकुद सप्ताहका संयोजक रानामगरको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा विद्यालयका सहायक प्रिन्सिपल दिपा थापा र शिक्षासंयोजक अशोक सारुमगर, प्रशासनप्रमुख सुदेस्ना सिग्देल, महेश रेग्मी, मदन श्रेष्ठ, दुर्गा कार्की, अनिता कार्कीलगायतको आतिथ्यता रहेको थियो । विद्यालयले यस्ता कार्यक्रमले विद्यार्थीमा अनुशासन, नेतृत्व क्षमता र स्वस्थ प्रतिस्पर्धाको भावना विकास हुने विश्वास व्यक्त गरेको छ ।

# 'एआईमार्फत् शिक्षामा रुपान्तरण' विषयक ह्याकाथन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेसमा एआईमार्फत शिक्षामा रुपान्तरण भन्ने मूल नाराकासाथ तीन दिने ह्याकाथन 'एनिग्मा' सामेबारबाट आधिकारिक रुपमा सुरु भएको छ । यो कार्यक्रम २०८२ फागुन ११ गतेदेखि १३ गतेसम्म चल्नेछ ।

नवोदय इनोभेसन सेन्टरको प्रायोजनमा सञ्चालित यस ह्याकाथनको आयोजना हेटौंडा स्कुल अफ म्यानेजमेन्टको सूचनाप्रविधि विभाग र विद्यार्थी विकास केन्द्रले गरेका हुन् । कार्यक्रममा जम्मा ८० जना विद्यार्थी १६ वटा समूहमा विभाजित भएर सहभागी भएका छन् । सहभागीले तीन दिनसम्म शिक्षाक्षेत्रलाई आधुनिक बनाउन आर्टिफिसियल इन्टेलिजेन्समा आधारित नवीन समाधान विकास गर्नेछन् । यस अवधिमा विद्यार्थीले मेन्टरसिप (परामर्श), अवधारणा विकास, प्रोटोटाइप निर्माण र अन्तिम प्रस्तुतीकरण गर्नेछन् ।

यस कार्यक्रमले विद्यार्थीमा सिर्जनशीलता, समस्या समाधान गर्ने क्षमता र शिक्षामा एआईको व्यावहारिक प्रयोगलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ । यो विद्यार्थीका लागि प्राविधिक दक्षता, टिमवर्क र नवीन सोच प्रदर्शन गर्ने एउटा महत्वपूर्ण मञ्च पनि हो । कार्यक्रमको अन्तिम दिन सहभागीले तयार पारेका परियोजनाको प्रदर्शन र निर्णायक मण्डलद्वारा मूल्यांकन गरिनेछ, जहाँ सबैभन्दा प्रभावकारी र रचनात्मक समाधानलाई पुरस्कृत गरिनेछ । 'एनिग्मा' ले प्रविधिमैत्री शिक्षालाई अगाडि बढाउन र विद्यार्थीलाई नवीनतामार्फत वास्तविक संसारका चुनौती समाधान गर्न सशक्त बनाउने प्रतिबद्धतालाई झल्काउँछ ।

# सडक दुर्घटना: प्राथमिक उपचार नपाएरै मर्छन् नागरिक

काठमाडौं/रातको सन्नाटामा सायरन बजाउँदै एम्बुलेन्स ओहोरदोहोर भइरहन्छ । राष्ट्रिय ट्रमा सेन्टरको आकस्मिक कक्षमा एङ्जी शेर्पा छट्पटाइरहेकी थिइन् । हात भाँचिएको छ । खुट्टा सुनिएका छन् । अनुहारभरि चोटैचोट छन् । आइतबार राति उनी श्रीमान् लोप्साङ लामासँग पोखराबाट काठमाडौं फर्किंदै थिइन् । बसभित्र अधिंकाश यात्रु मस्त निन्द्रामा थिए । राति करिब एक बजेतिर एक्कासि बस हल्लियो ।

उनी निदाएकी थिइनन् । ठूलो आवाजमा म्युजिक बजिरहेको थियो । स्वाट्टै गाडी भीरबाट तल बज्रन पुग्यो,' अस्पतालको शय्याबाट उनले सुनाइन्, 'म त बसको सिटमुनि पो रहेछु ।' त्यसबेला रातिको १ बजेको थियो । सबैतिर अन्धकार थियो । बसका यात्रुहरू ऐय्याआथ्था गर्दै चिच्याइरहेका सुनिन्थे । लोप्साङ-लोप्साङ भनेर उनले पटक-पटक बोलाइन् । तर कुनै जवाफ आएन । उनी यताउति भौंतारिन् । लोप्साङ त भीरमा अर्धचेत अवस्थामा उनले देखिन् ।

'त्यसबेलासम्म लोप्साङको मुटुको चाल थियो । सकीनसकी मुटुमा हातले थिचेँ । मुखबाट श्वास पनि दिएँ,' कहालीलाग्दो क्षण सम्झिँदै उनले सुनाइन्, 'एक घण्टापछि त श्वास पनि चल्न छोड्यो ।' कोही मानिस भीरमै अड्किएका थिए । केही बससँगै तल खसेका थिए । मानिसमाथि मानिस खप्टिएका थिए । कतिपय बचाऊबचाऊ भन्दै छट्टपटाइरहेका थिए । लामो समयसम्म कोही पनि उद्धारका लागि आएनन् । एक घण्टापछि आएको प्रहरीलाई उद्धार गरेर बाटोसम्म ल्याउन घण्टौं लाग्यो । 'धेरै मानिसलाई समयमै उपचार दिन पाएको भए बचाउन सकिन्थो,' शेर्पाले भनिन्, 'आँखै अगाडि धेरैको ज्यान गयो ।'

पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको ग२ख १४२१ नम्बर बस राति करिब १ बजेतिर धादिङको बेनिघाट रोराङ गाउँपालिका-५ भैंसेगौडा स्थानबाट त्रिशूली नदीमा खस्दा घटनास्थलमै १७ जनाको मृत्यु भयो । बाँकी घाइतेलाई सिधै ट्रमा सेन्टर, नेसनल अस्पताल कलंकी र त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा उपचारका लागि पठाइयो । तर बाटोमै दुई जनाको मृत्यु भयो । अन्य बिरामी घटना भएको ६ घण्टापछि मात्रै अस्पताल पुग्छन् ।

सडक दुर्घटनापछि पहिलो एक घण्टा, जसलाई चिकित्सकीय भाषामा 'गोल्डेन आवर' भनिन्छ । घाइतेको ज्यान जोगाउन सबैभन्दा महत्त्वपूर्ण समय मानिन्छ । तर नेपालमा यही महत्त्वपूर्ण समयमै उपचार नपाउँदा धेरैले ज्यान गुमाइरहेको ट्रमा सेन्टरका हाडजोर्नी विशेषज्ञ डा. दीपेन्द्र पाण्डे बताउँछन् । डा. पाण्डेका अनुसार दुर्घटना भएको ६० मिनेटभित्र घाइतेको प्रारम्भिक मूल्यांकन र ज्यान जोगाउने उपचार सुरु गरिनु अनिवार्य हुन्छ ।

'उपचारभन्दा पहिला बिरामीको अवस्था कति गम्भीर छ ? भन्ने मूल्यांकन आवश्यक हुन्छ । प्राइमरी सर्भे, सेकेन्डरी सर्भे गरेर सबैभन्दा पहिले ज्यान जोगाउने प्रक्रिया सुरु गर्नुपर्छ,' उनले भने । तत्काल नै रक्तस्राव रोक्ने, सासप्रश्वास सुचारु गराउने, जस्ता जीवनरक्षक उपाय तत्कालै थाल्नुपर्ने हुन्छ । तर नेपालमा दुर्घटनास्थलबाट अस्पतालसम्म पुर्‍याउनै चार-पाँच घण्टा लाग्ने अवस्था रहेको उनी बताउँछन् । 'गोल्डेन आवरमै मूल्यांकन र उपचार सुरु गर्न नपाउँदा बाटोमै मृत्यु हुन्छ । अस्पताल आइपुग्दा गम्भीर जटिलता बढिसकेको अवस्था देखिन्छ,' डा. पाण्डे भन्छन् ।

**छ वर्षदेखि फाइलमै थन्किएको ट्रमा सेन्टर योजना**

सरकारले छ वर्षअघि गरेको निर्णय समयमै कार्यान्वयन भएको भए सोमबार धादिङको बेनीघाटमा भएको बस दुर्घटनापछि देखिएको दर्दनाक दृश्य सायद दोहोरिँदैनथ्यो । त्यतिबेला सातै प्रदेशका राजमार्ग क्षेत्रमा ट्रमा सेन्टर स्थापना गर्ने घोषणा गरिएको थियो । तर घोषणा कागजमै सीमित रह्यो । योजना फाइलमै थन्कियो । जसका कारण गम्भीर घाइतेलाई उपचारका लागि चार घण्टा टाढा काठमाडौं पुर्‍याउनुपर्ने बाध्यता भयो । सरकारले सडक दुर्घटनामा तत्काल नै उपचार पाउन नसक्दा मृत्यु हुने संख्या बढ्दै गएपछि प्रत्येक प्रदेशमा ट्रमा सेन्टर स्थापना गर्ने नीति लिएको लिएको थियो ।

प्रदेश अन्तर्गत रहने गरी बढी दुर्घटना हुने क्षेत्रको नजिक ट्रमा सेन्टर स्थापना गर्ने योजना सहित २०७७ सालमा ट्रमा सेवा सञ्चालन सम्बन्धी कार्यविधि समेत ल्याएको थियो । तर यो घोषणा पटक नीति तथा कार्यक्रममा दोहोरिए । तर कार्यावन्यन भने हुन सकेन । सरकारले आफ्नै घोषणा गम्भीरतापूर्वक कार्यान्वयन गरेको भए पछिल्ला वर्षमा भएका यस्तै दुर्घटनामा धेरै जीवन बचाउन सकिन्थ्यो । नेपाल प्रहरीका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामै १ हजार २ सय ८० जनाको ज्यान गइसकेको छ । गत आर्व २०८१/८२ एक वर्षमा २ हजार ५ सय २ जनाले ज्यान गुमाएका थिए । पछिल्लो ७ वर्षमा १७ हजार ६ सय ७० यात्रुले सडक दुर्घटनामा ज्यान गुमाएका छन् । तथ्यांक अनुसार दैनिक औसत ७ यात्रुको ज्यान सडक दुर्घटनामा जान्छ ।

हाल काठमाडौं र भरतपुरमा मात्र ट्रमा सेन्टर सञ्चालनमा छन् । आर्थिक वर्ष २०८०/८१ को बजेटमै कैलालीको लम्की, रुपेन्देहीको सालझन्डी, नवलपरासी पश्चिमको बर्दघाट, नवलपुरको गैंडाकोट, सिन्धुलीको भीमान र धादिङको बेल्खुमा नजिकको सरकारी अस्पतालसँग समन्वय गरी प्राथमिक ट्रमा केयर सेन्टर स्थापना गर्ने उल्लेख थियो । तर जग्गा प्राप्ति र डीपीआर विवादका कारण ती योजना अघि बढ्न सकेका छैनन् । स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटाका कार्यान्वयन चरणमा पुग्दा विभिन्न कारणले ट्रमा सेन्टर निर्माणले अपेक्षित गति लिन नसकेको स्वीकार गर्छन् ।

उनका अनुसार डीपीआर तयारी, जग्गा प्राप्ति, निर्माण प्रक्रियागत ढिलाइ जस्ता कारणले काम प्रभावित भएको देखिन्छ । भवन निर्माण विभागमार्फत भइरहेका काममा ढिलाइ भएको उनले स्वीकार गरे । बजेटको दृष्टिले ठूलो समस्या नरहेको भए पनि कार्यान्वयन पक्षमा समन्वय र प्रक्रिया सुस्त हुँदा लक्ष्यअनुसार परिणाम आउन नसकेको उनको भनाइ छ । डा. देवकोटाले राजमार्ग नजिकका अस्पतालहरूमा कम्तीमा ट्रमा इकाइ स्थापना गर्नुपर्ने अवधारणा पनि अघि सारिएको उल्लेख गगर्दै त्यसलाई स्पष्ट नीतिगत निर्णयसहित पुनरावलोकन गर्नुपर्ने बताउँछन् ।

स्वास्थ्य मन्त्रालयका अधिकारी ठूलो संख्यामा विशेषज्ञ सहितको जनशक्ति आवश्यक पर्ने र अस्पताल निर्माणका लागि ठूलो खर्च हुने भएकाले बजेट वक्तव्यमा उल्लेख गरिएको ठाउँमा ट्रमा सेन्टर निर्माण थालनी हुन नसक्को बताउँछन् ।

**राजमार्गमा दुर्घटना, बाटोमै मृत्यु**


सवारीसाधन तथा अन्य दुर्घटनामा चोटपटक लागेका बिरामीको उपचारका लागि हालसम्म जिल्ला र प्रदेशस्तरमा कुनै अस्पताल छैनन् । यसका लागि काठमाडौं नै आउनुपर्ने बाध्यता छ । ट्रमा सेन्टरको तथ्यांक अनुसार सडक दुर्घटना र अन्य कारणले चोटपटक लागेका बिरामी औसतमा एक दिनपछि मात्रै ट्रमा सुविधा भएको अस्पतालमा आइपुग्छन् । जसका कारण बिरामीको स्वास्थ्यमा जटिलता देखिइसक्छ । सडक दुर्घटनापछि देखिने अर्को गम्भीर समस्या प्राथमिक उपचारको अभावको हुन्छ । दुर्घटनास्थलमै सामान्य उपचार दिन सकिए घाइतेको ज्यान जोगिने सम्भावना धेरै गुणा बढ्छ ।

तर त्यसका लागि सबैभन्दा पहिले घाइतेलाई सुरक्षित स्थानमा सार्ने, रक्तस्राव रोक्ने, श्वासप्रश्वास सुनिश्चित गर्ने जस्ता आधारभूत कदम अनिवार्य हुन्छन् । तर वास्तविकता भने ठीक उल्टो छ । अस्पतालसम्म पुर्‍याउने नाममा प्रयोग हुने अधिकांश एम्बुलेन्समा पर्याप्त अक्सिजन हुँदैन । दक्ष र आवश्यक उपकरणसमेत हुँदैन । परिणामस्वरूप, समयमै सामान्य प्राथमिक उपचार पाए बच्न सक्ने बिरामीसमेत अस्पताल पुग्नुअघि नै ज्यान गुमाउन बाध्य छन् । हार्डजोर्नी विशेषज्ञ डा. पाण्डेका अनुसार दुर्घटनामा आन्तरिक रक्तस्राव, टाउको (ब्रेन) चोट, मेरुदण्ड (स्पाइन) इन्जुरी, छातीमा गम्भीर चोटजस्ता समस्या हुन्छन्, जसले समय बित्दै जाँदा जोखिम झन् बढाउँछ । 'गोल्डेन आवर कटिसकेपछि उपचार सम्भव हुँदैन भन्ने होइन, तर जति ढिला हुन्छ, ज्यान जोगाउने सम्भावना त्यति घट्दै जान्छ,' उनले स्पष्ट पारे । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको तथ्यांकले उद्धार प्रणालीको कमजोरीलाई रहेको देखाउँछ । अस्पतालका अनुसार सडक दुर्घटना वा चोटपटक लागेका ६७ प्रतिशत बिरामी राति ९ बजेपछि मात्र अस्पताल पुग्छन् । २८ प्रतिशत बिरामी दिउँसो ३ देखि राति ९ बजेसम्म र ३५ प्रतिशत बिहान ९ देखि दिउँसो ३ बजेसम्म अस्पताल आइपुग्ने गरेका छन् ।

(स्रोत: अनलाइनखबर)

# तेरियाले सकाइन् 'मितज्यू'को छायांकन

काठमाडौं/चर्चित नृत्याङ्गना तेरिया फौजा मगरले अभिनेत्रीको रूपमा डेब्यु गरेको फिल्म 'मितज्यू'को छायांकन सकिएको छ । यो फिल्मको वसन्त पञ्चमीको अवसरमा दाङको घोराहीमा अवस्थित अम्बिकेश्वरी मन्दिरमा मुहूर्त गर्दै छायांकन सुरू गरिएको थियो । सोमबार पहाडी जिल्ला रोल्पामा अन्तिम दृश्य खिचिएसँगै एक महिनामा फिल्म 'प्याकअप' भएको हो ।




अनिल बुढा मगरको निर्देशन तथा जनक घर्ती मगरको निर्माणमा बनेको यस फिल्ममा तेरियासहित दयाहाङ राई, सौगात मल्ल, पुष्कर गुरुङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरुण पुन मगर, उत्तम राज पाण्डे, सविन कट्टेल, उमेश सोनाम, पवित्रा खड्का, खड्गबहादुर पुन मगर (खबपु) लगायतका कलाकारहरूले अभिनय गरेका छन् ।

शिशिर बिशंखेको छायांकन रहेको यस फिल्मको सम्पादन लोकेश बज्राचार्यले गर्नेछन् । फिल्ममा प्रभात विष्ट द्वन्द्व निर्देशक, नवीन श्रेष्ठ साउन्ड डिजाइनर तथा श्रीकृष्ण बम मल्ल संगीतकारको रूपमा छन् । आरआर फिल्म्सले वितरण गर्ने यो फिल्म गणतन्त्र दिवसको अवसर पारेर आगामी जेठ १५ गते प्रदर्शन हुने निर्माण पक्षले जनाएको छ ।

'मितज्यू'लाई सामाजिक कथावस्तुमा आधारित फिल्म भनिएको छ । तर, यसको कथावस्तुबारे निर्माण पक्षले जानकारी गराएको छैन । शीर्षकले भने मीत संस्कृतिको कथामा फिल्म आधारित रहेको संकेत गर्छ । पछिल्लो समय नेपाली समाजमा हराउन थालेको मितेरी साइनोको विषयलाई फिल्ममा उठाइएको हुनसक्ने शीर्षकबाट अनुमान लगाउन सकिन्छ ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### डीनाको संकल्पपत्र सार्वजनिक

# बुद्धचोक-भैंसे १६ मिटर, पर्यटनमार्गमा पहल गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट मकवानपुरको क्षेत्र नम्बर १ का उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले संकल्पपत्र सार्वजनिक गरेकी छन् ।



आफू निर्वाचित भए पश्चात गर्ने कार्य र प्राथमिकतालाई समेटेर उनले संकल्पपत्र सार्वजनिक गरेकी हुन् । उनको संकल्पपत्रमा विभिन्न ९ बुँदामा समेटिएको छ । सुशासन र लोकतन्त्रको रक्षाअन्तर्गत संविधान, लोकतन्त्र, संघीयता र समावेशिताको रक्षा गर्दै मानव अधिकारको प्रत्याभूति गराउने, 'विद्युतीय सुशासन' मार्फत छरितो र भ्रष्टाचारमुक्त सेवा प्रवाह सुनिश्चित गर्ने, शान्ति, सुशासन र स्थिरता कायम गर्दै 'मेरो निर्वाचन क्षेत्र-मेरो प्रतिवद्धता' अभियान चलाउने उल्लेख छ ।

यस्तै पूर्वाधार विकास अन्तर्गत रातोमाटेदेखि राप्तीपुल हुँदै चौकीटोलसम्म व्यवस्थित वैकल्पिक मार्ग सञ्चालन गर्न जोड गर्ने, त्रिभुवन राजपथअन्तर्गत बुद्धचोकदेखि भैंसेसम्म १६ मिटर कायम गरी पर्यटन मार्ग सञ्चालन गर्न पहल गर्ने, बागमती-सिन्धुली सडक, निजगढ-डम्बरपुर-चुच्चेखोला सडक र 'फास्ट ट्र्याक' निर्माणमा समन्वय र सहजीकरण गर्ने, हेटौंडा-४ र ८ तथा हेटौंडा-११ र १२ जोड्ने गरी पक्की पुलका साथै आवश्यकताअनुसार झोलुङ्गे पुल निर्माण गर्ने, सडक विस्तार प्रभावितलाई क्षतिपूर्ति र उचित व्यवस्थापनका लागि पहल गर्ने, सबै पालिकामा केन्द्रीय प्रशारण लाइन (विद्युत) र इन्टरनेट सेवा विस्तार गर्ने, सार्वजनिक शौचालय, ढल निकास र व्यवस्थित बस्ती विकासमा जोड दिने डीनाको संकल्पपत्रमा लेखिएको छ ।

यस्तै शिक्षा, अनुसन्धान र युवाअन्तर्गत मकवानपुरमा सरकारी इन्जिनियरिङ कलेज, आइटी अनुसन्धान केन्द्र, जैविकविविधता अनुसन्धान केन्द्र र चुरे ज्ञानकेन्द्र स्थापना गर्ने, सामुदायिक विद्यालयलाई 'सोलार इनर्जी' मैत्री बनाउने, आधारभूत तहमा मातृभाषा शिक्षा दिने र मावि तहमा गणित, विज्ञान र कम्प्युटर शिक्षक अनिवार्य गर्ने, बागमती विश्वविद्यालयमा नयाँ विषय हाइड्रो इन्जिनियरिङ, अटो इन्जिनियरिङ, हस्पिटालिटी, कानुनलगायतका विषय अध्यापन गराउन पहल गर्ने, हेटौंडा-६ को बहुप्राविधिक महाविद्यालय सञ्चालनमा ल्याउने, तारामण्डल प्रदर्शनीगृह र सुप्रसिद्ध गायिका कोइलीदेवी संगीत प्रष्ठिनान स्थापना गर्ने उल्लेख छ ।

स्वास्थ्य सेवातर्फ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने, प्रत्येक पालिकामा डायग्नोस्टिक ल्याव, चिकित्सक र नर्ससहितको अस्पताल सुनिश्चित गर्ने, ७० वर्ष माथिका जेष्ठनागरिकको घरघरमै स्वास्थ्य परीक्षण, प्रत्येक पालिकामा नि:शुल्क एम्बुलेन्स सेवा, विपन्न वर्गलाई लक्षित गरी नि:शुल्क स्वास्थ्य नीति ल्याउन पहल गर्ने, गर्भवती, सुत्केरी र नवजातशिशुका लागि विशेष पोषण तथा परामर्श सेवा सञ्चालन गर्ने, 'हेल्थ इन अल पोलिसी' अन्तर्गत योग, ध्यान र खुला व्यायामशालाको विकास गर्ने उनको संकल्पपत्रमा उल्लेख छ ।

रोजगारी, उद्यमशीलता र तालिमअन्तर्गत प्रत्येक पालिकामा युवा, महिला र सीमान्तकृत समुदाय लक्षित सीपमूलक तालिम केन्द्र स्थापना गर्ने, 'युवा स्वरोजगार सूचना केन्द्र' स्थापना गरी रोजगारी र उद्यमशीलताको अवसर सिर्जना गर्ने, उच्चशिक्षा अध्ययनरत विद्यार्थीका लागि 'पार्ट टाइम जब' सम्बन्धी कानुनी व्यवस्था मिलाउने, औद्योगिक क्षेत्रको विस्तार, पुन:सञ्चालन र सेवा प्रवाहीकरणलाई चुस्त बनाउने, कृषि, वन र जडिबुटीअन्तर्गत '८ अ' अभियान: अम्रीसो, अदुवा, आलु, अकबरे, अलैंची, अमला, अनार र अमिलो प्रजातिको खेती विस्तार र व्यवसायीकरण गर्ने, मकवानपुरमा वनस्पति उद्यानलाई अनुसन्धान केन्द्रमार्फत अल्लो, चिराइतो लगायतका जडिबुटीको 'ब्राण्डिङ' गर्ने र मकवानपुरलाई फुसको छानारहित बनाउने, एकीकृत बस्ती विकास गर्ने प्रतिज्ञा रहेको छ ।

जिल्लाका सम्पूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्यको गुरुयोजना निर्माण र कार्यान्वयन, विभिन्न जातिको संग्रहालय स्थापना र गढीहरुको संरक्षण, बागमती नदीतटमा कृषि पर्यटनको विकास, रक पार्क कृत्रिम ताल निर्माण गर्ने डीनाको संकल्पपत्रमा उल्लेख छ । यस्तै दलित, आदीवासी, एकलमहिला र अपाङ्गता भएका नागरिकलक्षित विशेष रोजगार र सुरक्षा कार्यक्रम ल्याउने, हेटौंडा-६ को शान्ति बहिरा विद्यालय र आशा फाउण्डेशनद्वारा सञ्चालित विद्यालयको व्यवस्थापनमा विशेष सहयोग गर्ने, खोरीया बस्तीका भूमिहीन किसानलाई जग्गाधनी पुर्जा उपलब्ध गराउन पहल गर्ने र विपद् व्यवस्थापनका लागि दमकल, एम्बुलेन्स (स्वास्थ्य/पशु) र आत्महत्या न्यूनीकरण परामर्श सेवालाई एकीकृत गरी 'कल सेन्टर'मार्फत चौबिसै घण्टा सेवाप्रवाह गर्ने उनको प्रतिज्ञा छ ।

'म निर्वाचित भएपश्चात् हरेक घरदैलोमा पुगेर यहाँहरुको समस्या र गुनासो ध्यानपूर्वक सुन्नेछु र समाधानका लागि दृढतापूर्वक काम गर्नेछु', उनले भनिन्, 'एकपटक निर्वाचित गरी काम गर्ने मौका प्रदान गरिदिनुहुनका लागि क्षेत्र नम्बर १ का मतदातामा हार्दिक अनुरोध गर्दछु ।'

# बदरमत घटाउन ११५ मतदाताशिक्षा स्वयंसेवक परिचालन




साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/निर्वाचनमा मत बदर हुने दर घटाउने उद्देश्यले मकवानपुरमा ११५ जना मतदाताशिक्षा स्वयंसेवक परिचालन गरिएको छ ।

मकवानपुरको १० वटै पालिकाको १०५ वटा वडामा एक/एकजनाको दरले १०५ जना मतदाताशिक्षा स्वयंसेवक र प्रत्येक पालिकामा एक/एकजनाका दरले १० जना अनुगमनकर्ता परिचालन गरिएको हो । बागमती प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद ढकालका अनुसार मतदाताशिक्षा कार्यक्रममार्फत् वडामा परिचालित स्वयंसेवकले निर्वाचन प्रक्रिया, मतदानप्रक्रिया, मतदान गर्ने विधि, सही मतदान गर्ने तरिका, मतपत्रमा स्वस्तिक छाप लगाएपछि बदर नहुने गरी पल्टाएर मतपेटिकामा खसाल्ने तरिकालगायत विषयमा गाउँटोल र घरदैलोमार्फत् जानकारी दिइरहेका छन् ।

फागुन १७ गतेसम्म सञ्चालन हुने मतदाताशिक्षा कार्यक्रमका लागि महिला स्वयंसेविका, मातृशिक्षा कार्यकर्ता र बालविकास सहजकर्तालाई छनोट गरी तालिम दिएर परिचालन गरिएको प्रमुख ढकालले बताए । मकवानपुरका दुई निर्वाचन क्षेत्रमा तीनसय ७४ मतदान केन्द्रमा ६ जनाका दरले दुई हजार दुई सय ४४ कर्मचारी र एक हजार एक सय २२ स्वयंसेवक खटाइनेछ । प्रमुख ढकालका अनुसार प्रत्येक मतदान केन्द्रमा एकजना मतदान अधिकृत, एकजना सहायक मतदान अधिकृत, तीन सहायक कर्मचारी र एकजना सहयोगी कर्मचारी खटिनेछन् ।

मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि फागुन १२ देखि १४ गतेसम्म हेटौंडामा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ । प्रशिक्षणपछि फागुन १६ गतेदेखि कर्मचारी सम्बन्धित मतदान केन्द्रमा खटिनेछन् । निर्वाचनका लागि अनुसूची फाइलिङ, मतपेटिका सर सफाइ र प्याकिङको काम सकिएको प्रमुख ढकालले बताए । प्रतिनिधि सभा निर्वाचनमा मकवानपुरका १६७ मतदानस्थलमध्ये १९ वटा मतदानस्थललाई अतिसंवेदनशील सूचीमा राखिएको छ । जिल्ला सुरक्षा समितिको बैठकले सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै जिल्लाका विभिन्न छ स्थानीय तहमा रहेका १९ वटा मतदानस्थललाई अतिसंवेदनशील सूचीमा राखिएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले बताए ।

जिल्लाका ६० मतदानस्थललाई संवेदनशील र ८८ वटालाई सामान्य सूचीमा राखिएको उनले जानकारी दिए । अतिसंवेदनशील सूचीमा रहेका १९ मतदानस्थलमा २६ मतदान केन्द्र छन् । उनका अनुसार बकैया गाउँपालिकाको पाँच, राक्सिराङ गाउँपालिकाको छ, बागमती गाउँपालिकाको पाँच, भीमफेदी गाउँपालिकाको एक, मनहरी गाउँपालिकाको एक र कैलाश गाउँपालिकाको एक गरी १९ मतदानस्थल अतिसंवेदनशील सूचीमा परेका छन् । मकवानपुरमा यसपटक १६७ मतदानस्थलमा ३७४ मतदान केन्द्र कायम गरिएको छ ।

प्रतिनिधिसभाका दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरको क्षेत्र नम्बर १ मा ६२ मतदानस्थल र १७८ मतदान केन्द्र छन् भने क्षेत्र नम्बर २ मा १०५ मतदानस्थल र १९६ मतदान केन्द्र तोकिएका छन् । मकवानपुरमा एक लाख ६१ हजार ९५३ पुरुष, एक लाख ५३ हजार ३७६ महिला र अन्य पाँच गरी कूल तीन लाख १५ हजार ३३४ मतदाता रहेका छन् ।

# निर्वाचन रिपोर्टिङ र पत्रकार आचारसंहिताबारे अभिमुखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरेर पत्रकारका लागि हेटौंडामा १ दिने अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको छ ।

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजनामा निर्वाचन रिपोर्टिङ र पत्रकार आचार संहिता पालना सम्वन्धी अभिमुखिकरण गरिएको हो । महासंघकी केन्द्रीय उपाध्यक्ष नितु पण्डितको प्रमुख आतिथ्यता एवम् मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी लगायतको उपस्थितिमा कार्यक्रम भएको हो । अभिमुखीकरणमा महासंघकी उपाध्यक्ष पण्डितले आचारसंहिताको पालना गर्न पत्रकार लाई महासंघले आह्वान गर्दै आएको बताइन् । निर्वाचन नजिकिँदै गर्दा सञ्चारकर्मीमाथि विभिन्न घटना भइरहेको उल्लेख गर्दै उनले महासंघले विज्ञप्ति निकालीरहनुपर्ने स्थिति रहेको बताइन् ।

उपाध्यक्ष पण्डितले सही समयमा सही सूचना दिने जिम्मवारी बहन गरिरहँदा प्रेस स्वतन्त्रताको पूर्णउपयोगमा भने चुनौती रहेको बताइन् । निर्वाचन आयोगले बनाएको मिडिया आचारसंहिता सञ्चारकर्मीले डरमुक्त भएर काम गर्नसक्नुपर्ने अवस्थासँग पनि जोडिएको उनको भनाई छ । उपाध्यक्ष पण्डितले निर्वाचन आचार संहितामा उल्लेखित व्यवस्था राम्रो भएपनि जरिवाना धेरै भएको बताइन् । आचारसंहिता कार्यान्वयनको परिपालनामा मिडियालाई सकारात्मक दृष्टिकोणले हेर्नुपर्नेमा उनको जोड थियो । कार्यक्रममा मुख्य निर्वाचन अधिकृत श्रेष्ठले आचारसंहिताको पालना गर्ने र गराउने सन्दर्भमा मिडियाकर्मीको भूमिका महत्वपूर्ण हुने बताइन् ।

पत्रकार आचारसंहिताको पालना गर्दैगर्दा निर्वाचन आचार संहिताको पालना पनि उत्तिकै जरुरी भएको उनको भनाई छ । मतदान हुनुभन्दा अघि नै गरिने मतसर्वेक्षणले चुनावी वातावरणमा नकारात्मक असर पर्ने भएकोले त्यसतर्फ सचेत रहन उनले आग्रह गरिन् । मुख्य निर्वाचन अधिकृत श्रेष्ठले वातावरणमैत्री निर्वाचन भए नभएको सन्दर्भमा पनि रिर्पोटिङ गर्नुपर्नेमा जोड दिइन् । प्रजिअ अधिकारीले आचारसंहिता पालनाको सवालमा मकवानपुर अब्बल रहेको बताएका छन् । निर्वाचनसम्बन्धी भएगरेका गतिविधि सञ्चारकर्मी माझ पुऱ्याउने काम भइरहेको उनले जानकारी दिए । सही सूचना सम्प्रेषण गर्नुपर्नेमा जोड दिँदै प्रजिअ अधिकारीले समाचारमा विश्वासनीय हुनुपर्ने धारणा राखे ।

आगामी निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न मिडियाकर्मीसँग सहकार्य गर्न तयार रहेको उनले उल्लेख गरे । प्रजिअ अधिकारीले निर्वाचनको समयमा रिर्पोटिङलाई प्रभावकारी बनाउने सन्र्दमा आवश्यक सुझाव दिन पनि आग्रह गरे । कार्यक्रममा प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद ढकालले निर्वाचन आचार संहितासम्बन्धी सहजीकरण गर्दै आचारसंहिताका मुख्य प्रावधान र त्यसको कार्यान्वयनबारे जानकारी गराएका थिए । नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघका केन्द्रीय लेखा आयोग सदस्य केसी लामिछाने, बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, उपाध्यक्ष हरि हुमागाईं तथा जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/मकवानपुरको बागमती गाउँपालिका-८, तल्लोभवानीस्थित मदन भण्डारी लोकमार्गमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

सोमबार राति भएको सवारी दुर्घटनामा मोटरसाइकल चालक मकवानपुर बकैया गाउँपालिका-८, बस्तिपुर बस्ने ४० वर्षीय प्रेमबहादुर गोलेको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका गोलेको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक पुस्कर बोगटीले जानकारी दिएका छन् । फापरबारीबाट हात्तीसुँडे तर्फ जाँदै गरेको प्र.३-०२-००५ प. १००८ नम्बरको मोटरसाइकल नालामा खसेर दुर्घटना भएको इलाका प्रहरी कार्यालय फापरबारी मकवानपुरले जनाएको छ ।

# हेटौंडाका यातायात अधिकृत भेटवाल अख्तियारको फन्दामा

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङस्थित यातायात व्यवस्था कार्यालयका छैटौं तहका अधिकृत अमृत भेटुवाललाई घुस लिइरहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको छ ।

सवारीसाधन सरुवा सहमति दिने बहानामा सेवाग्राहीसँग घुस माग गरी रकम असुलीरहेको बेला अख्तियारले नियन्त्रणमा लिएको हो । बिचौलिया लेखापढी व्यवसायी खगेन्द्र पौडेलले सेवाग्राहीबाट ११ हजार ५०० रुपैयाँ घुस लिइरहेको अवस्थामा उनीहरुलाई जिल्ला मकवानपुर, हेटौंडा उपमहानगर पालिका-११ स्थित कार्यालयबाट नियन्त्रणमा लिइएको छ । साथै उनीहरुका तीनथान मोवाइल सेट पनि नियन्त्रणमा लिइएको आयोगले जनाएको छ ।

सेवाग्राहीको काम गरिदिने बहानामा रकम लेनदेन भइरहेको उजुरी परेपछि अख्तियारले केही समयदेखि उनीहरुमाथि निगरानी बढाएको थियो । पक्राउ परेका दुवै जनालाई अहिले हिरासतमा राखेर थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिएका छन् ।

# मकवानपुरका संस्कृतशिक्षक पन्त सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/मकवानपुरका संस्कृतशिक्षक उदिम पन्त 'लक्ष्मण राजवंशी आदर्श गुरु सम्मान २०८२'बाट सम्मानित भएका छन् ।



ज्ञानार्जन भूमि विद्यालय (एलआरआई) ले आफ्नो ३८ औं वार्षिकोत्सवका अवसरमा पन्तलाई मंगलबार काठमाडौंमा सम्मान गरेको हो । पन्त हाल मकवानपुर स्थित हेटौंडा एकेडेमीमा संस्कृत विषय अध्यापन गराउँदै आएका छन् । शिक्षाक्षेत्रमा लामो समयदेखि अमूल्य ज्ञान, समर्पण र अनुभव मार्फत हजारौं विद्यार्थीको जीवन उज्यालो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेबापत उनलाई नगद २५ हजार रुपैयाँसहित सम्मान गरिएको विद्यालयले जनाएको छ । विद्यालयकाअनुसार 'लक्ष्मण राजवंशी आदर्श गुरु सम्मान' शिक्षणपेसामा समर्पित भई उल्लेखनीय योगदान पुऱ्याउने शिक्षकलाई प्रदान गरिँदै आएको छ ।

विद्यालय परिवारले राष्ट्र निर्माणका लागि पन्तले पुऱ्याएको शैक्षिक योगदानप्रति उच्चसम्मान व्यक्त गर्दै सम्मान समर्पण गर्न पाउँदा गौरवान्वित भएको उल्लेख गरेको छ । कार्यक्रमका प्रमुखअतिथि काठमाडौं विश्व विद्यालयका उपकुलपति अच्युतप्रसाद वाग्लेले शिक्षामा पाश्चात्य प्रभाव बढ्दै गएको वर्तमान सन्दर्भमा मौलिक शिक्षाको जगेर्ना आजको आवश्यकता भएको बताए । वार्षिकोत्सव समारोहमा विद्यालयले विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका अन्य व्यक्तित्वलाई पनि नगद तथा प्रमाणपत्रसहित सम्मान गरेको थियो ।

**नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?**

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरू अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरू एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरू गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका।**

सम्पर्क: ९८५१०२४८६८




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना